# माथागढी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय, पाल्पा

## विनियोजन ऐन, २०८३

### गाउँकार्यपालिकाको कार्यालय, पाल्पाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०८३/०३/१०

<u>प्रस्तावना:</u> माथागढी गाउँ कार्यपालिका, पाल्पाको आ.व. २०८३/०८४ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम माथागढी गाउँ कार्यपालिकाले यो ,ऐन सभा समक्ष पेश गरेको छ।

<u>१. संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम **"माथागढी गाउँ कार्यपालिकाको विनियोजन ऐन, २०८३"** रहेको छ।

(२) यो ,ऐन सभाबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

<u>२. आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u> (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६९,७३,८१,००/- (अक्षरूपी उन्नसत्तरी करोड त्रिहत्तर लाख एकासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

<u>३. विनियोजनः</u> (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त माथागढी गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट

माथागढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय झडेवा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा  रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमाहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | विवरण | जम्मा रकम (चालु + पुँजीगत) | कैफियत |
|---|---|---|---|
| १. | संघीय सरकार सशर्त/ विशेष /समपूरक अनुदान | रु ३१,८९,००,०००/- (अक्षरेपी एकतीस करोड उनानब्बे लाख रुपैयाँ मात्र) | |
| २. | प्रदेश सरकार सशर्त/ विशेष/ समपूरक अनुदान | रु १,६५,००,०००/- (अक्षरेपी एक करोड पैंसट्ठी लाख रुपैयाँ मात्र) | |
| ३. | माथागढी गाउँपालिका | रु ३६,१९,८१,०००/- ((अक्षरूपी छत्तिस करोड उन्नाईस लाख एकासी हजार रुपैयाँ मात्र)) | |
| ४. | वित्तीय व्यवस्था | छैन | |
| | **जम्मा** | रु ६९,७३,८१,००/- (अक्षरूपी उन्नसत्तरी करोड त्रिहत्तर लाख एकासी हजार मात्र | |

आज्ञाले,

ध्रुव दयाल

प्रमुख प्रशासकीय अधिकृत